बैठक संख्या : १७३
मिति : २०८२।०२।०७, बुधबार
समय : बिहानको ७:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री विनोद भट्टराई | सचिव (प्र.प्र.अ.) |

कमलामाई नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

मिति २०८२ जेष्ठ ०७ गते बसेको १७३ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

## प्रस्ताव नं. १ः वैदेशिक भ्रमण शुभ-कामना सम्बन्धमा ।

**निर्णयः** स्पेनको भ्यालेन्सीया विश्वविद्यालयको आमन्त्रणमा श्रीमान् नगरप्रमुख ज्यूबाट न्यू स्टेप परियोजना लागू भएका शैक्षिक संस्थाका शिक्षक/प्रधानाध्यापकहरुको नेतृत्व गरेर आगामी मे २५ देखि जुन ८ सम्म युरोपियन राष्ट्र स्पेनको भ्रमण कार्यक्रममा सहभागी हुनु हुने भएकोले नगर प्रमुखज्यूको सुखद् एवं उपलब्धि पूर्ण यात्राको शुभकामना व्यक्त गरियो ।

## प्रस्ताव नं. २ः पसल कवल (कोठा) खाली सम्बन्धमा ।

**निर्णयः** यस कमलामाई न.पा.र कोठा भाडामा लिने तपशिलमा उल्लेखित व्यक्ति बीच भएको सम्झौता अनुसार सम्झौता अवधि २ वर्षको भएकोमा निजहरुले कोठा-भाडा वापत बुझाउनु पर्ने भाडा रकम निम्नानुसार भएको हुँदा भाडा रकम दाखिलाका लागि पटक–पटक पत्राचार गर्दा समेत अटेर गरेकोले बक्यौता रकम ७ (सात) दिन भित्र तिर्न पत्राचार गर्ने निर्णय गरियो । यसरी नतिरेमा सम्झौता-पत्रको बुँदा नं. १० बमोजिम कोठा खाली गराई सरकारी बाँकी सरह असूल-उपरको लागि कारबाही प्रक्रिया अगाडी बढाईने निर्णय गरियो ।

| सि.नं. | नाम, थर | कोठा नं. | मासिक भाडा रकम रु. | देखि-सम्म | बक्यौता रकम | जरिवाना रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १. | सरोज बुढाथोकी | ०३ | १८,५१५।- | २०८१ वैशाख देखि २०८२ वैशाख सम्म | २,४०,६९५।- | ४,८१५।- | २,४५,५१०।- |
| २. | तस्विरे रम्तेल | ०५ | १६,३३५।- | २०८१ असार देखि २०८२ वैशाख सम्म | १,७९,६८५।- | ३,५९५।- | १,८३,२८०।- |

उपेन्द्र कुमार घोसरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | कपिल कुमार श्रेष्ठ | ०६ | १८,५८५।- | २०८१ वैशाख देखि २०८२ वैशाख सम्म | २,१५,६०५।- | ४,३१५।- | २,१९,९२०।- |
| ४. | सुजन कार्की | १४ | १५,१००।- | २०८१ वैशाख देखि २०८२ वैशाख सम्म | १,३५,९००।- | २,७१८।- | १,३८,६१८।- |
| ५. | अनिता माया स्याङ्तान | १६ | १५,१००।- | २०८० भदौ देखि २०८२ वैशाख सम्म | ३,१७,१००।- | ६,३४२।- | ३,२३,४४२।- |
| | | | | जम्मा रकम रु. | १०,८८,९८५।- | २१,७८५।- | ११,१०,७७०।- |

## प्रस्ताव नं. ३: बजेट रकमान्तर सम्बन्धमा ।

**निर्णयः** कमलामाई नगरपालिका विनियोजन ऐन, २०८१ को दफा ३ (२) ले गरेको व्यवस्था अनुसार एक शीर्षकमा विनियोजन गरेको बजेटबाट अर्को शीर्षकमा २५% ले बढी नहुने गरी रकमान्तर गर्न सकिने कानूनी व्यवस्था अनुसार नगरपालिकाको कार्य सञ्चालन तथा प्रशासनीक र अन्य आवश्यक केही शीर्षकहरुमा बजेट कार्यान्वयन गर्ने क्रममा रकम अपुग हुने देखिएकाले विनियोजन ऐनमा भएको प्रावधानको अधिनमा रही तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

### तपसिल

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | श्रोत | खर्च शीर्षक | घटाउने बजेट रकम | बढाउने बजेट रकम | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|
| १ | पानी तथा विजुली | ३७००००० | आन्तरिक | २२१११ | | ९००००० | ४६००००० |
| २ | इन्धन पदाधिकारी | २१००००० | आन्तरिक | २२२११ | | ४००००० | २५००००० |
| ३ | सरसफाइ शुल्क/फोहोरमैला व्यवस्थापन इनधन र कर्मचारी पारिश्रमिक समेत | ९०००००० | आन्तरिक | २२२१२ | | १५००००० | १०५००००० |
| ४ | कार्यालय हेवी इक्वीपमेण्ट इनधन | २५००००० | आन्तरिक | २२२१२ | | ४००००० | २९००००० |
| ५ | सवारी साधन मर्मत | ३०००००० | संघ राजश्व बाडफाड | २२२१३ | | १४००००० | ४४००००० |
| ६ | मनोरञ्जन तथा अतिथि सत्कार | २१००००० | संघ राजश्व बाडफाड | २२७११ | | ८००००० | २९००००० |
| ७ | वडा कार्यालय विविध खर्च | ३५००००० | संघ राजश्व बाडफाड | २२७११ | | ६००००० | ४१००००० |
| ८ | अन्य विविध खर्च | ३०००००० | संघ राजश्व बाडफाड | २२७११ | | ९००००० | ३९००००० |
| ९ | विभिन्न आर्थिक सहायता | ३०००००० | संघ राजश्व बाडफाड | २७२१९ | | ५००००० | ३५००००० |

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | श्रोत | खर्च शीर्षक | घटाउने बजेट रकम | बढाउने बजेट रकम | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|
| १० | सवारी साधन तथा मेशिनरी औजार भाडा | २००००० | आन्तरिक | २८१४३ | | २००००० | ४००००० |
| ११ | अस्थायी/ करार/ ज्यालादारी कर्मचारी तलब तथा भत्ता | ६८०००००० | आन्तरिक / संघीय राजश्व बाडफाड | २२४१३ | | ११७५००० | ६९१७५००० |
| १२ | मेशीनरी तथा औजार | २०००००० | स्थानीय राजश्व बाडफाड | ३११२२ | | ५००००० | २५००००० |
| १३ | पारिश्रमिक स्थायी कर्मचारी | ४८०००००० | आन्तरिक | २१११९ | १५००००० | | ४६५००००० |
| १४ | इनधन कार्यालय प्रयोजन | ९०००००० | आन्तरिक | २२२१२ | २०००००० | | ७०००००० |
| १५ | कार्यालय मसलन्द | ५०००००० | संघ राजश्व बाडफाड | २२३११ | १२५०००० | | ३७५०००० |
| १६ | मेशिनरी औजार मर्मत | १८००००० | स्थानीय राजश्व बाडफाड | २२२२१ | ४५०००० | | १३५०००० |
| १७ | माध्यमिक तह कक्षा ९ र १० पोशाक भत्ता समेत नगर शिक्षक अनुदान व्यवस्थापन | ४१६५५०० | राजश्व बाडफाड प्रदेश सरकार | २१११९ | ७००००० | | ३४६५५०० |
| १८ | सूचना प्रणाली तथा सफ्टवेअर नविकरण तथा व्यवस्थापन | ५००००० | आन्तरिक | २२४१२ | १२५००० | | ३७५००० |
| १९ | पंजिकरण/लेखा/ लेखापरीषण तालिम | ५००००० | संघ राजश्व बाडफाड | २२५११ | १२५००० | | ३७५००० |
| २० | कर्मचारी तालिम | ५००००० | आन्तरिक | २२५११ | १२५००० | | ३७५००० |
| २१ | सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | ५००००० | संघ राजश्व बाडफाड | २२५१२ | १२५००० | | ३७५००० |
| २२ | पदपूर्ति कार्यक्रम | ५००००० | संघ राजश्व बाडफाड | २२५२२ | १२५००० | | ३७५००० |
| २३ | नगरपालिका सौन्दर्यकरण कार्यक्रम | ५००००० | संघ राजश्व बाडफाड | २२५२२ | १२५००० | | ३७५००० |
| २४ | विभिन्न समिति बैठक व्यवस्थापन कार्यक्रम | ५००००० | संघ राजश्व बाडफाड | २२५२२ | १२५००० | | ३७५००० |
| २५ | उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम | ५००००० | संघ राजश्व बाडफाड | २२५२२ | १२५००० | | ३७५००० |
| २६ | संस्कृति रितिरिवाज खर्च | ५००००० | संघ राजश्व बाडफाड | २२७११ | १२५००० | | ३७५००० |
| २७ | सभा सञ्चालन खर्च | १०००००० | संघ राजश्व बाडफाड | २२७२१ | २५०००० | | ७५०००० |
| २८ | विभिन्न फिर्ता रकम | १०००००० | संघ राजश्व बाडफाड | २८२१९ | २५०००० | | ७५०००० |
| २९ | लक्षित वर्ग विभिन्न कार्यक्रम | ५०००००० | राजश्व बाडफाड प्रदेश सरकार तथा स्थानीय सरकार | २२५२९ | १२५०००० | | ३७५०००० |
| ३० | माइस्थान मन्दिर ताल निर्माण बहुबर्षीय | ९०००००० | संघ राजश्व बाडफाड | ३११५४ | ३७५००० | | ८६२५००० |
| ३१ | कम्प्यूटर सफ्टवेअर खरिद | ५००००० | संघ राजश्व बाडफाड | ३११३४ | १२५००० | | ३७५००० |
| | जम्मा रकम | ११९०६५५०० | | | ९२७५००० | ९२७५००० | ११९०६५५०० |

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

## प्रस्ताव नं. ४: राष्ट्रिय परिचय-पत्र वितरणमा खटिने कर्मचारीको सुविधा सम्बन्धमा ।

**निर्णयः** राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग तथा जिल्ला प्रशासन कार्यालयको पत्र अनुसार यस नगरपालिकाको राष्ट्रिय परिचयपत्र वितरणमा खटिने १६ जना दर्ता अपरेटरको लागि खाना र वासको व्यवस्थापन गर्न अनुरोध भए अनुसार हाल खटिरहेका कर्मचाहरुको लागि दैनिक रु. ५००।- खाना तथा खाजा वापत र मितव्ययी आवास खर्च वडाको सिफारिस समेतको आधारमा नगरपालिका चालुतर्फ विनियोजित भैपरी आउने शीर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

## प्रस्ताव नं. ५: राष्ट्रिय भु-उपयोग क्षेत्र वर्गीकरण कार्य तथा क्षमता अभिवृद्धि योजना निर्माण सम्बन्धमा ।

**निर्णयः** भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं. ४४२, मिति २०८१/१२/११ गतेको परिपत्र समेतको आधारमा २०८२ असार मसान्तसम्म भूउपयोग वर्गीकरण नभएका स्थानीय तहहरुले उक्त कार्य अनिवार्य गर्न अनुरोध भएकाले यस यसमा चार किल्ला खुलाई कृषि क्षेत्र तोक्नुपर्ने र सोही अनुसार भूउपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गरिने कार्यको लागि नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को पुँजिगत तर्फ विनियोजित पुँजिगत अनुसन्धान तथा परामर्श कार्यक्रम खर्च शीर्षक नं ३११७२ बाट रु.१५,००,०००। (पन्ध्र लाख) र क्षमता अविवृद्धि योजना (Capacity Development Plan) का लागि रु. ५,००,०००।– (पाँच लाख) बजेट विनियोजन गरी परामर्श सेवाबाट कार्य गर्न नगरपालिका कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

## प्रस्ताव नं. ६: नेवा समपुरक कोष सम्बन्धमा ।

**निर्णयः** चालु आ.व. मा नेपाल स्वास्थ्यको लागि पानी (नेवा), सिन्धुलीको साझेदारीमा यस नगरक्षेत्र भित्र सञ्चालित देहाय बमोजिमका खानेपानी योजनाहरुको कार्य सम्पन्न भएको हुँदा समपूरक वापत नगरपालिकाले व्यहोर्नु पर्ने रकम भुक्तानीको लागि उपभोक्ता

विनोद भट्टराई
... अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

समितिको निवेदन, नेवा सिन्धुलीको सिफारिस, वडा कार्यालयको सिफारिस, नेवाबाट प्राप्त कार्य सम्पन्न सम्बन्धी प्राविधिक प्रतिवेदन समेतको आधारमा १८औं नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सडकबोर्ड नेवा लगायत अन्य विविध कार्यक्रमका लागि म्याचिङ् कार्यक्रम तर्फ विनियोजित शीर्षकबाट देहाय बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम र ठेगाना | रकम (रु.) | कै. |
|---|---|---|---|
| १. | धनमना-सिमबारी-खानेपानी, वडा नं. २ | ८,३३,१८६.६३ | |
| २. | फिटिङ्ग खानेपानी तथा सरसफाई आयोजना, वडा नं. ११ | १८,८०,२१६.७३ | |

**प्रस्ताव नं. ७: घर-जग्गा रजिष्ट्रेशन मूल्याङ्कन सम्बन्धमा ।**

**निर्णयः** घर जग्गा रजिष्ट्रेशन पारितका लागि आ.व. २०८२/८३ को न्यूनतम् मूल्याङ्कनका सम्बन्धमा आ.व. २०८१/८२ को मूल्याङ्कन अंकको कम्तिमा २०% वृद्धि गरी हजारमा शुन्यान्तर गरी मालपोत कार्यालयमा लेखि पठाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ८: शिक्षा सम्बन्धमा ।**

**निर्णय (क) : कक्षा अपग्रेड गर्ने सम्बन्धमा ।**

शैक्षिक सत्र २०८२ देखि कक्षा थप गर्न निवेदन दिएका तपसिलका विद्यालयहरुमा तपसिल बमोजिमका कक्षाहरु थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | अपग्रेड कक्षा |
|---|---|---|---|---|
| १ | श्री न्यु स्टार एकेडेमी बोर्डिङ स्कुल धुराफाँट | क.न.पा.- ४ | ९ | १० |
| २ | श्री समता स्कुल | क.न.पा.- ६ | ६ | ७ |
| ३ | श्री मधुगंगा प्राथमिक अंग्रेजी विद्यालय | क.न.पा.-१४ | ५ | ६ |
| ४ | श्री जनसेवा प्रा.वि. बुदुना | क.न.पा.-१२ | ३ | ४ |

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

निर्णय (ख) : ICT Lab वितरण सम्बन्धमा ।

यस कार्यालयलाई संघीय ससर्त अनुदानतर्फ प्राप्त भएका सूचना प्रविधि प्रयोगशाला सङ्ख्या ४ (चार) को तपसिलका विद्यालयलाई वितरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनज्योति मा.वि.फोस्रेटार | क.न.पा.- ५ | ६५०००० | |
| २ | श्री मा.वि. पिपलभञ्ज्याङ | क.न.पा.- २ | ६५०००० | |
| ३ | श्री मा.वि. बाँझे | क.न.पा.-१२ | ६५०००० | |
| ४ | श्री चन्द्रादेवी आ.वि. सिरुडाँडा | क.न.पा.-११ | ६५०००० | |

निर्णय (ग) : विषय परिवर्तन गर्ने सम्बन्धमा ।

श्री बरुणदेवी मा.वि. दर्लामीखट्टारको नि.मा.वि. तहमा दुई वटा गणित विषय भएकोले हाल रिक्त रहेको स्वीकृत नि.मा.वि. तह गणित विषयको दरबन्दीलाई अंग्रेजी विषयमा परिवर्तन गर्ने निर्णय गरियो ।

निर्णय (घ) : बालविकास सहजकर्ता र विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

श्री तीनकन्या प्रा.वि. सुनडाँडा वडा नं २ विद्यार्थी बिहीन भएकोले उक्त विद्यालयमा हाल कार्यरत विद्यालय कर्मचारी र वालविकास सहजकर्तालाई श्री जनजागृति मा.वि. निबुवाटारबाट तलब भत्ता खुवाउने ब्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय (ङ) : निर्णय अनुमोदन तथा पदस्थापन सम्बन्धमा ।

यस अगाडी विभिन्न विद्यालयहरुमा रहेका रिक्त दरबन्दीमा कामकाज गरिरहेका शिक्षकहरुको निर्णय अनुमोदन गरी तत् तत् विद्यालहरुमा पदस्थापन गर्ने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय (च) : विज्ञापन गर्ने सम्बन्धमा ।**

श्री जलकन्या मा.वि. चपौलीमा रिक्त रहेको नि.मा.वि. तहको नेपाली विषयको स्थायी दरबन्दीमा शिक्षक सरुवा निर्देशिका बमोजिम सूचना आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय (छ) : विषय परिवर्तन गर्ने सम्बन्धमा ।**

श्री बरुणदेवी मा.वि. दर्लामीखट्टारको नि.मा.वि. तहमा दुई वटा गणित विषय भएकोले हाल रिक्त रहेको स्वीकृत नि.मा.वि. तह गणित विषयको दरबन्दीलाई अंग्रेजी विषयमा परिवर्तन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९: विविध ।**

**निर्णय (क) :** आगामी आ.व. को नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि विगतको समिक्षा तथा सरोकारवालाहरुसँग छलफल गरी सुझाव पेश गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख